**कोरोना भाइरससम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख २ गते**

प्रदेश ५ का जिल्लाहरूमा क्वारेण्टाइनमा राखिएका र १४ दिन पुरा भएका व्यक्तिहरूको आरडिटी परीक्षण पश्चात रिर्पोट नेगेटिभ आएकाहरूलाई होम क्वारेण्टाइन बस्ने परामर्श दिएर फिर्ता गरिएको छ । कतिपय ठाँउमा आरडिटी परीक्षण नगरेरै घर पठाइएको छ । नवलपरासी पश्चिम जिल्लामा भारतको नयाँ दिल्लीको धार्मिक सभा बाट फर्केका दुई जनालाई वैशाख १ गते राती चोर बाटो प्रयोग गरि जिल्ला प्रवेश गर्न लागेको अवस्थामा सशस्त्र प्रहरीले गिरफ्तार गरी सुस्ता गाउँपालिका-५ का वडा अध्यक्ष प्रभुनाथ यादवको सहयोगमा फिर्तागरी भारतीय सुरक्षा सुरक्षाकर्मीको जिम्मा लगाइएको छ। यस घटनाले जिल्लावासी सशङ्कित हुनुको साथै त्रासको वातावरण सृजना गरेको छ। गुल्मी जिल्लाको मालिका गाउँपालिकाका १० र इस्मा गाउँपालिकाका १७ जनालाई आरडिटी परीक्षण नगरी घर पठाएको छ । दुई हप्ता बढी क्वारेण्टाइनमा बसेका र आरडिटी गर्न ढिला भएकाले घर पठाएको मालिका गाउँपालिकाका स्वास्थ्य संयोजक बसन्तराज भुसालले जानकारी दिनुभयो । यसैगरी कालीगण्डकी गाउँपालिकाका ६ जना पनि आरडिटी परीक्षण नगरि घर पठाइएको छ।

भारतसँग सिमाना जोडिएका प्रदेश ५ जिल्लाहरूमा लुकेर नेपाल प्रवेश गर्ने गरेको पाइए पछि सिमा नाकामा सुरक्षा पोष्ट र सुरक्षाकर्मी सङ्ख्या बढाएर निगरानी बढाएको छ।

दाङ जिल्लाको घोराही नपामा कोरोना भाइरस सङ्क्रमित फेला परेको भन्दै आफ्नो फेसबुकमा भ्रामक सूचना फैलाएको आरोपमा प्रहरीले घोराही उपमनपाा-१५ का २८ वर्षीय दीपक न्यौपानेलाई वैशाख २ गते गिरफ्तार गरी अनुसन्धान थालिएको प्रहरीले जनाएको छ।

कपिलवस्तु जिल्लाको कृष्णनगरसँग जोडिएको भारतको बढनी क्वारेनटाइण्नमा राखिएका १६ जना नेपालीहरूको वैशाख २ गते १४ दिन पुरा भएको छ । उनीहरूलाई नेपाल ल्याउने की के गर्ने भन्ने विषयमा गृह मन्त्रालयसँग समन्वय भइरहेको प्रमुख जिल्ला अधिकारी दिर्घनारायण पौडेलले बताउनु भएको छ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार बुटवलमा रहेको कोरोना विशेष अस्पतालमा हालसम्म ३७ जना शङ्कास्पद व्यक्तिहरुको स्वाव परीक्षण गरिएकोमा सबैको नेगेटिभ आएको छ । जसमध्ये एक जनाको मृत्यु भए पनि कोरोना भाइरस नभएको पुष्ट्रि भएको र ३६ जना उपचारपछि घर फर्किएका छन् । जसमा ८ जना महिला र २९ जना पुरूष रहेका छन् ।

भैरहवामा रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा अहिलेसम्म ८० जना कोरोनाका शङ्काष्पद व्यक्तिहरूको नमूना परीक्षण गरिएको छ । जसमा ७९ जनाको रिपोर्ट नेगेटिभ आएको र एक जनाको रिपोर्ट आउन बाँकी रहेको छ।

यसैगरी कोरोना विशेष अस्पताल बनाइएको भीम अस्पतालमा भर्ना गरिएका ५४ वर्षीय पुरूषको थ्रोट स्वाव रिपोर्ट नेगेटिभ आएको अस्पतालका कोरोना फोकल पर्सन डा.सुमित प्रजापतिले बताउनुभयो ।

**इन्सेक गुल्मी प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्लाका विभिन्न स्थानीय तहका क्वारण्टाइनमा बसेका व्यक्तिहरूको धमाधम आरडिटी परीक्षण थालिएको छ । वैशाख २ गते धुर्कोट गाउँपालिकाका पाँच जनाको परीक्षण गरिएकोमा रिर्पोट नेगेटिभ आएपछि घर फर्काइएको छ।

वैशाख १ गते मदाने र गुल्मी दरवार गाउँपालिकाका १८ जनाको आरडिटी परीक्षणको रिर्पोट नेगेटिभ देखिएपछि घर पठाइएको थियो ।

मालिका गाउँपालिकाका १० र इस्मा गाउँपालिकाका १७ जनाको भने आरडिटी परीक्षण नगरी घर पठाएको छ । दुई हप्ता बढी क्वारेण्टाइनमा बसेका र आरडिटी गर्न ढिला भएकाले घर पठाएको मालिका गाउँपालिकाका स्वास्थ्य संयोजक बसन्तराज भुसालले जानकारी दिनुभयो । यसैगरी कालिगण्डकी गाउँपालिकाका ६ जना पनि आरडिटी परीक्षण नगरि घर पठाइएको छ ।

**इन्सेक रुकुम पुर्वी जिल्ला प्रतिनिधि जयमान बुढा मगर**का अनुसार, जिल्लाका स्थानीय तहहरूले कोरोना भाइरस सङ्क्रमण हुन नदिन विभिन्न प्रयास गरिरहेका छन् ।

हाल स्थानीय तहले जिल्लामा भारत तथा अन्य देशबाट फर्किएका व्यक्तिहरूको लगत सङ्कलन गरी क्वारेण्टाइनमा राख्ने, विपद् व्यवस्थापन कोष स्थापना, विपन्न वर्गलाई खाद्यान्न उपलब्ध गराउने, जनचेतना फैलाउने लगायत कार्यमा सक्रिय भएको छ ।

जिल्लाका प्रवेश नाकामा स्वास्थ्यकर्मी, जनप्रतिनिधि र प्रहरीसहितको जाँच चौकी स्थापना गरिएको छ । जसमा स्वास्थ्यकर्मीले ज्वरो नाप्छन् भने प्रहरीले बाहिरभित्र गर्न नदिन रोक्ने गर्दछ । त्यस्तै जनप्रतिनिधिले भित्रिने र बाहिरेकाको तथ्यांक र विपन्न घरपरिवारको संख्या समेत संकलन गर्ने गरेका छन् । विपन्न घरपरिवारलाई राहत वितरण गर्ने कार्य समेत गरिराखिएको छ ।

भूमे र पुथाउत्तरगंगा गाउँपालिकाले उपाध्यक्षको संयोजकत्वमा विभिन्न राजनीति दलका प्रतिनिधि सदस्य रहनेगरी कोरोना प्रतिकार्य तथा रोकथाम स्थानीय समन्वय समिति गठन गरेका छन् ।

बाहिरी जिल्लाबाट विभिन्न व्यक्तिगत कामकाजमा आएका व्यक्तिहरूलाई भूमे गाउँपालिका- नम्बर २ को काँक्रीमा आठ जना र पुथा गाउँपालिका- १२ को क्यूबाङमा आठ जनालाई लकडाउन अवधि सम्मका लागि खाने बस्ने व्यवस्था गरेको छ ।

जिल्लामा हाल सम्म एउटा पनि एम्बुलेन्स नभएको अवस्थामा सिस्ने गाउँपालिकाले रुकुम पश्चिमको एम्बुलेन्स भाडामा लिएर तयारी अवस्थामा राखेको छ भने पुथाउत्तरगंगा गाउँपालिकाले दुई ओटा जीप र भूमे गाउँपालिकाले एउटा जीप भाडामा लिएर सेवा दिइ रहेको छ ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार जिल्लामा विभिन्न क्वारेण्टाइनमा रहेका १ सय ५६ को जनाको आरडीटी परीक्षण गरिएकोमा सबैको रिर्पोट नेगेटिभ आएको छ ।

जिल्लामा वैशाख २ गतेसम्म २६ क्वारेण्टाइनमा २ सय ४८ जना बसेका रहेका छन् । यसैगरी स्वाव परीक्षण रिर्पोट नेगेटिभ देखिएका ६ जनालाई होम क्वारेण्टाइनमा बस्ने गरी घर पठाइएको छ । जिल्लाका स्थानीय तहले हालसम्म ६ हजार ५ सय ३६ घरपरिवारलाई पहिलो चरणको राहत वितरण गरेको छ ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार जिल्लामा भारतबाट ल्याइएको तरकारी गोदाममा राखेको पाइएपछि प्रहरीले वैशाख २ गते गोदाम सिल गरेको छ । राखसिल गरिएको छ । होम डेलिभरी लेखेको व्यानर लगाएर रा १ ख ८४६ नम्बरको ट्रक तुलसीपुर उपमनपाले सिल गरेको हो । भारतबाट तरकारी ल्याउदा कोरोना सङ्क्रमण फैलिन सक्ने भन्दै उक्त तरकारी गोदाममै सिल गरेर तरकारी ल्याउने दुई भारतीय र खरिद गर्ने दुइ नेपालीलाई क्वारेण्टाइनमा राखिएको छ ।

बेलझुण्डीस्थित कोरोना विशेष अस्पतालमा नौ जनालाई आइसोलेशनमा राखिएको छ । उनीहरू सबैको स्वाव सङ्कलन गरेर परीक्षणका लागि पठाउने तयारी भइरहेको अस्पतालका सूचना अधिकारी कमल चन्दले जानकारी बताउनु भयो । हाल जिल्लामा ३९ जना क्वारेण्टाइमा रहेका छन् ।

दाङको घोराहीमा कोरोना भाइरस सङ्क्रमित फेला परेको भन्दै आफ्नो फेसबुकमा भ्रामक सूचना फैलाएको आरोपमा प्रहरीले घोराही उपमनपाा-१५ का २८ वर्षीय दीपक न्यौपानेलाई वैशाख २ गते गिरफ्तार गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय दाङका डिएसपी सुमित खड्काले जानकारी दिनुभयो ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती**का अनुसार भक्तपुरको चारपाटे ईटाँ उद्योगमा मजदुरी गर्न गएका रोल्पा जिल्लाका विभिन्न ठाउँका श्रमिकहरु रोल्पा आइपुगेका छन् । ३१ जनाको समूहमा हिडेका उनीहरू मध्ये चार जना दाङ झरेका थिए भने २७ जना रोल्पा आइपुगेका छन् । हिडेर नवलपरासी आइपुगेका उनीहरूलाई स्थानीय तहको पहलमा गाडी रिजर्भ गरी रोल्पा पुगेका हुन् । उनीहरूलाई रुन्टिगढी गाउँपालिकाको क्वारेण्टाइनमा राखिने रुन्टिगढी गाउँपालिकाका पर्यटन फोकल पर्सन दिपक डाँगीले जानकारी दिनु भयो ।

यसैगरी लकडाउनको समयमा एसईई दिने विद्यार्थीलाई मध्येनजर गर्दै सतप्रयास मिडिया समूहले रोल्पामा दूर शिक्षा कार्यक्रम वैशाख १ गते देखि सञ्चालनमा ल्याएको छ । रोल्पाका सात वटा एफएम रेडियो बाट छुट्टाछुट्टै समयमा प्रसारण भइरहेको छ । उक्त समूहको युटुब च्यानलबाट पनि हेर्न सकिने छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार जिल्लामा १० स्थानीय तहमा क्वारेण्टाइनको क्षमता १ हजार १२ बेडको रहेको छ । हाल ५ सय ६० जना व्यक्ति क्वारेण्टाइनमा रहेका छन् । हाल सम्म २ सय ५६ जना बिरामीको आरडिटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ ।

कृष्णनगरसँग जोडिएको भारतको बढनी क्वारेनटाइण्नमा राखिएका १६ जना नेपालीहरूको वैशाख २ गते १४ दिन पुगिसकेको हुँदा के गर्ने भन्ने बिषयमा गृह मन्त्रालयलाई जानकारी गराएको प्रजिअ दिर्घ नारायण पौडेलले बताउनु भयो ।

यसैगरी लकडाउन कार्यान्वयनका जिल्लाका विभिन्न धार्मिक स्थलहरू मन्दिर, मस्जीद , चर्चहको अनुगमन भईरहेको प्रजिअ पौडेलले बताउनु भयो ।

बिजयनगर गाउँपालिकाको क्वारेण्टाइनमा १४ दिन पुरा भएका १ सय १३ जनाको आरडिटी परीक्षण रिपोर्ट नेगेटिभ देखिएपछि उनीहरूलाई सात दिन होम क्वारेण्टाइनमा बस्नकालागि परामर्श गरी घर पठाइएको स्वास्थ्य संयोजक यज्ञ प्रसाद अधिकारीले बताउनु भयो ।

बिजयनगर गाउँपालिकाका ९ सय ४० जना ज्येष्ठ नागरिक, ४ सय ६८ जना दलित ज्येष्ठ नागरिक, ८ सय १५ जना एकल महिला, ४८ जना पूर्ण अपाङ्गता, ८२ जना आंशिक अपाङ्गता भएका व्यक्ति र ६ सय ३५ जना बालबालिकाहरूका लागि २ करोड ५६ लाख ९१ हजार रुपियाँ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत गोबिन्द भट्टराईले बताउनु भयो ।

उक्त गापाले पहिलो चरणमा बिपन्न, गरिव र असंगठित मजदुरहरु गरि ८ सय ४७ घर परिवारलाई राहत बितरण गरिसकेको छ । अब दोश्रो चरणमा १ हजार ४ सय ५० घर परिवारलाई राहत बितरण गर्ने तयारी भैरहेको गापा अध्यक्ष गोपाल बहादुर थापाले बताउनु भयो । राहत सामाग्री तयारी अवस्थामा भएको हुँदा ४ गते देखी बितरण गरिने अध्यक्ष थापाले बताउनु भयो ।

मायादेबी गाउँपालिकामा विपन्न , गरिब र असङ्गठित क्षेत्रका मजदुरहरू गरी ३ सय घर परिवारलाई राहत वितरण गरिएको छ ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार भारतको नयाँ दिल्लीमा धार्मिक सभा बाट फर्केका दुई जनालाई वैशाख १ गते राती चोर बाटो प्रयोग गरि जिल्ला प्रवेश गर्न लागेको अवस्थामा सशस्त्र प्रहरीले गिरफ्तार गरी सुस्ता गाउँपालिका-५ का वडा अध्यक्ष प्रभुनाथ यादवको सहयोगमा फिर्तागरी भारतीय सुरक्षा सुरक्षाकर्मीको जिम्मा लगाइएको छ । यस घटनाले जिल्लावासीलाई सशङ्कित बनाएको छ ।

**इन्सेक प्यूठान जिल्ला जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार आठ ओटा स्थानीय तहले पहिलो चरणको राहत वितरण सम्पन्न गरिसकेका छन् । भने ऐरावती गाउँपालिकाले राहत वितरण सुरू गरेको

छ। सङ्क्रमण फैलिन नदिन सरकारले गरेको लकडाउनको समयका दैनिक ज्यालादारी श्रमिक, असाय, असक्त तथा अपाङ्गता भएका व्यक्ति , एकल महिला ,वृद्धवृद्धा र बालबालिकालाई प्रथामिकतामा राखेर राहत वितरण मापदण्ड निर्धारण गरी आठ  स्थानिय तहका ३ हजार ९ सय ५२ घरपरिवारलाई राहत वितरण कार्य सम्पन्न भएको छ।
जिल्लामा अहिले मौसमी ज्वरोका बिरामी बढेको र जिल्ला अस्पताल बिजुवारमा छुट्टै बिरामी जाँच गर्ने ठाँउ निमार्ण गरी उपचार भइरहेको अपस्तालका सुचना अधिकारी राजन भट्टराईले  जानकारी दिनुभयो ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार क्वारेण्टाइनमा वैशाख २ गते सम्म क्वारेन्टाइनमा रहेका  १४ दिन पुरा भएका १ सय ५४ जनाको आरडिटी परीक्षण  नेगेटिभ  आएपछि घर पठाइएको छ । राप्ती सोनारी  गाउँपलिकाको क्वारेण्टाइनमा रहेका १५ जना, नरैनापुर गाउँपालिकाको क्वारेण्टाइनमा रहेका १ सय ३४ , खजुरा गाउँपालिकाको क्वारेण्टाइनमा रहेका ३ र जानकी गाउँपलिकाको क्वारेण्टाइनमा रहेका २ जना घर पठाइएको हो । जिल्लाबाट  ७७ जनाको स्वावको नमूना पठाइएकोमा  ७० जनाको रिपोर्ट नेगेटिभ आएको र ७  जनाको रिर्पोट आउन बाँकी रहेको  छ।

इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज